नेपाल सरकार

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८३/०८४

चलानी नं ०६

मितिः२०८३/०४/०१

ने.सं. ११४६

श्री गाउँपालिका सबै,

श्री नगरपालिका सबै ।

विषयः जेन-जी आन्दोलनका शहीद परिवार तथा घाइतेहरुको लागि पुनर्स्थापना, जीवनयापन तथा सामाजिक संरक्षणसम्वन्धी एकिकृत प्याकेज सम्वन्धमा ।

प्रस्तुत विषयमा प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयबाट जारी गरिएको जेन-जी आन्दोलनका शहीद परिवार तथा घाइतेहरुको लागि पुनर्स्थापना जीवनयापन तथा सामाजिक संरक्षणसम्वन्धी एकिकृत प्याकेज यसै साथ संलग्न छ । उक्त प्याकेजको बुँदा नं.१३मा शहिद परिवारको सगोलका एक/एक जना घाइते परिचय-पत्र वाहकहरुलाई शारीरिक अवस्थाको गाम्भिर्य, योग्यता र क्षमताका आधारमा सरकारी निकायहरुमा करार सेवामा पहिलो प्राथमिकता दिने सम्वन्धी विषय आवश्यक जानकारी तथा कार्यार्थ पठाईएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

बोधार्थः

श्री प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, सिंहदरवार काठमाडौ ।

श्री सूचना प्रविधि शाखाः वेवसाईटमा अपलोड गरिदिनुहुन ।

.....................

प्रकाश पन्थी

शाखा अधिकृत

सिंहदरबार, काठमाण्डौं फोन नं.- ४२००३०४

ईमेलः- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np

वेवसाईटः- www.mofaga.gov.np

## जेन-जी आन्दोलनका शहीद परिवार तथा घाइतेहरूको लागि पुनर्स्थापना, जीवनयापन तथा सामाजिक संरक्षणसम्बन्धी एकीकृत प्याकेज:

(क) शहीदहरूको योगदानको सम्मान

१. पूर्वाधार विकास मन्त्रालयले आगामी आर्थिक वर्षमा सम्पन्न गर्ने गरी जेन-जी स्मारक निर्माणको लागि स्थान पहिचान तथा स्रोत व्यवस्थापन गर्ने।

२. विद्यमान पाठ्यक्रममा परिमार्जन गरी शिक्षा तथा खेलकूद मन्त्रालयले उपयुक्त कक्षाको पाठ्यपुस्तकमा नेपालको सुशासन र भ्रष्टाचार विरुद्धको आन्दोलनमा जेन-जी आन्दोलनलाई समावेश गर्ने।

३. वि.सं. २०८३ माघ १६ गते शहीद दिवसका दिन राज्यले पहिचान गरेका शहीद परिवार तथा घाइते परिचय-पत्र वाहकहरूलाई राष्ट्रिय सम्मान प्रदान गर्न गृह मन्त्रालयले विशेष कार्यक्रम आयोजना गर्ने।

(ख) घाइतेको पुनः परीक्षण, पुनर्वर्गीकरण, प्रमाणीकरण, शिक्षा तथा स्वास्थ्योपचार

४. जेनजी आन्दोलनका क्रममा घाइते भएका तर वर्गीकरणका लागि परीक्षणमा छुट्न गएका घाइतेहरूको परीक्षण तथा वर्गीकरण गर्ने र यस अगावै वर्गीकरणमा परेकाहरूको आवश्यकतानुसार पुनः परीक्षण, पुनःवर्गीकरण तथा प्रमाणीकरण गरी उनीहरूले पाउने सेवा सुविधालाई परिमार्जन गर्ने।

५. शहीदका छोराछोरी वा सहोदर दाजुभाइ दिदीबहिनी तथा गम्भीर तथा अति गम्भीर घाइते परिचय-पत्र वाहकलाई सामुदायिक विद्यालयमा आधारभूत तहमा पूर्ण रूपमा निःशुल्क शिक्षा र पाठ्यसामग्रीहरू एवं स्नातक तहसम्म प्रचलित मापदण्डबमोजिम भर्ना भएको अवस्थामा निःशुल्क अध्ययनको व्यवस्था गर्न शिक्षा तथा खेलकूद मन्त्रालयले एक महिनाभित्र मापदण्ड तर्जुमा गरी कार्यान्वयनमा लैजाने।

६. अति गम्भीरदेखि गम्भीरसम्मको वर्गीकरणमा परेका घाइतेहरूका लागि आन्दोलनका क्रममा भएको शारीरिक समस्याका लागि निःशुल्क औषधोपचार, शल्यक्रिया र नियमित स्वास्थ्य परीक्षणको खर्चको व्यवस्थाका लागि स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले छुट्टै स्वास्थ्य बीमाको स्किम १५ दिनभित्र तयार गरी सोको प्रिमियम भुक्तानीका लागि प्रत्येक आर्थिक वर्षको बजेटमा समावेश गर्ने। निजी अस्पतालहरूले पनि कर्पोरेट सामाजिक उत्तरदायित्व अन्तर्गत अति गम्भीरदेखि गम्भीर घाइतेहरूको आन्दोलनका क्रममा भएको शारीरिक समस्या सम्बद्ध निःशुल्क औषधोपचार, शल्यक्रिया र नियमित स्वास्थ्य परीक्षणमा सहयोग गर्न आह्वान गर्ने। त्यसरी निजी अस्पतालबाट सेवा पाउने घाइतेहरूले दोहोरो सुविधा नपाउने।

७. स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले प्रदेशको स्वास्थ्य हेर्ने मन्त्रालयसँग समेत समन्वय गरी शहीद परिवार र घाइतेहरूको मनोसामाजिक परामर्श कार्यक्रम तत्कालै देखि सुरु गरी आगामी आर्थिक वर्षभर सञ्चालन गर्ने। मनोसामाजिक परामर्शका कार्यक्रमहरू क्रमशः सबैको पहुँचमा पुर्‍याउने।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार

गोविन्द बहादुर कार्की
सचिव

८. अति गम्भीरदेखि गम्भीरको वर्गीकरणमा परेका घाइते परिचय-पत्र वाहकलाई सार्वजनिक यातायातका साधनहरूमा ५० प्रतिशत छुट एवं सिट आरक्षणको व्यवस्था पूर्वाधार विकास मन्त्रालयले १५ दिनभित्र मिलाउने।

९. आन्दोलनका क्रममा खुट्टा गुमाएका तथा सहारा बिना हिँडडुल गर्न नसक्ने घाइतेहरूलाई महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक तथा सामाजिक सुरक्षा मन्त्रालयले तीन महिनाभित्र निःशुल्क प्रोस्थेटिक, तीन पाङ्ग्रे स्कुटर तथा अपाङ्गताको प्रकृतिअनुसार आवश्यक सहायक सामग्री उपलब्ध गराउने।

१०. राष्ट्रिय परिचयपत्र नम्बरसँग शहीद परिवार तथा घाइतेहरूले प्राप्त गर्ने सरकारी सेवा, सुविधा, सहुलियत, रोजगारी, सामाजिक सुरक्षा तथा परिचयलाई एकीकृत प्रणालीमा आवद्ध गर्ने व्यवस्था राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले एक महिनाभित्र मिलाउने।

(ग) रोजगार, जीवनयापन र पुनर्स्थापना

११. रोजगार तथा स्वरोजगार गर्न इच्छुक शहीद परिवार तथा अति गम्भीर तथा गम्भीर घाइते परिचय-पत्र वाहकहरूलाई ५ वर्षसम्मको अवधिका लागि बिना धितो अधिकतम रु. १५ लाखसम्म सहुलियतपूर्ण ऋण उपलब्ध गराउने व्यवस्था अर्थ मन्त्रालयले मिलाउने।

१२. शहीद परिवार तथा अति गम्भीर तथा गम्भीर घाइते परिचय-पत्र वाहकहरूले स्वरोजगार प्रयोजनका लागि भन्सार शीर्षक ८७.०३ मा पर्ने सवारी साधनमध्ये CIF मूल्य रु. १५ लाखसम्म भएका पेट्रोल/डिजेलबाट सञ्चालन हुने सवारी साधन वा CIF मूल्य रु. २० लाखसम्म भएका विद्युतीय सवारी साधनको आयातमा लाग्ने भन्सार महसूल लगायतका भन्सार बिन्दूमा लाग्ने कर, महसूल छुट गरी पैठारी गर्न चाहेमा आगामी आर्थिक वर्षका लागि मात्र त्यस्तो आयातमा लाग्ने सम्पूर्ण भन्सार शुल्क छुट गर्ने व्यवस्था अर्थ मन्त्रालयले मिलाउने। साथै त्यस्ता सवारी साधन बिक्री वितरण गर्न वा असम्बन्धित व्यक्तिलाई प्रयोग गर्न दिन नपाइने। यसरी तोकिएको शर्त उल्लङ्घन भएमा राज्यले नियन्त्रणमा लिने कानुनी व्यवस्था पूर्वाधार विकास मन्त्रालयले मिलाउने।

१३. शहीद परिवारको सगोलका एक/एक जना तथा घाइते परिचय-पत्र वाहकहरूलाई शारीरिक अवस्थाको गाम्भीर्य, योग्यता र क्षमताका आधारमा सरकारी निकायहरूमा करार सेवामा पहिलो प्राथमिकता दिने व्यवस्था सबै सार्वजनिक निकायले गर्ने। यस प्रयोजनका लागि शहीद परिवार तथा घाइते परिचयपत्र वाहकको वासस्थान रहेका जिल्लाका प्रमुख जिल्ला अधिकारीहरूले जिल्लास्थित सार्वजनिक निकायहरुसँग समन्वय गर्ने। प्रदेश सरकार र स्थानीय सरकारसँगको समन्वयको कार्य भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गर्ने। यस्तो व्यवस्था एकपटकको रोजगारीका लागि रहने। सोको एकीकृत तथ्याङ्क युवा, श्रम तथा रोजगार मन्त्रालयले व्यवस्थापन गर्ने।

१४. युवा, श्रम तथा रोजगार मन्त्रालय लगायतका सबै सिपमूलक तालिम प्रदायक निकायहरूले प्रदान गर्ने तालिममा शहीद परिवार र घाइते परिचयपत्र वाहकहरूका लागि उपयुक्त तालिमको आवश्यकता पहिचान गरी तालिम तथा क्षमता विकास कार्यक्रम आगामी आर्थिक वर्षभर सञ्चालन गर्ने।



गोविन्द बहादुर कार्की
सचिव

१५. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले उपलब्ध गराउने उद्यमशीलता विकाससम्बन्धी कार्यक्रममा शहीद परिवार तथा घाइते परिचयपत्र वाहकहरूका लागि कोटा निर्धारण गरी उद्यमशीलता विकास कार्यक्रम सञ्चालन गर्ने।

(घ) प्रमाणीकरण तथा अन्य व्यवस्थापकीय कार्यहरू

१६. जेन-जी आन्दोलनका शहीद परिवार तथा घाइतेको सामूहिक माग अनुरूप मुलुकमा सदाचार तथा सुशासन प्रवर्द्धन, भ्रष्टाचार निवारण तथा दण्डहीनता अन्त्य गर्नका लागि सरकारले सबै तह र क्षेत्रबाट स्पष्ट र परिणाममुखी कार्यक्रमहरूलाई अझ घनिभूत रूपले सञ्चालन गर्ने।

१७. मिति २०८२ भदौ २३ र २४ गतेको जेन-जी आन्दोलनका क्रममा संलग्न भएको कारणले अनुसन्धानको क्रममा हिरासतमा रहेका व्यक्तिहरूलाई मुलुकी अपराध संहिता, २०७४ र फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ ले परिभाषित गरेको गम्भीर कसूर र जघन्य कसूरमा बाहेक आन्दोलनसँग जोडिएका अन्य मुद्दा फिर्ता लिने सम्बन्धमा छानबिन समिति गठन गर्ने।

१८. जेन-जी शहीद परिवार र आन्दोलनका घाइतेहरूको राहत, आर्थिक सहायता, जीवन सहजीकरण, क्षमता विकास, स्वास्थ्य, शिक्षा, सामाजिक सुरक्षालगायतका माथि उल्लिखित विभिन्न कार्यक्रमहरू आगामी आर्थिक वर्ष (२०८३/८४) देखि नै सञ्चालन गर्ने। प्रदेश तथा स्थानीय तहबाट गर्नुपर्ने व्यवस्थापकीय कार्यका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले समन्वय गर्ने।

१९. राहत तथा भैपरि खर्चको समग्र व्यवस्थापन गृह मन्त्रालयले तत्काल अन्तिम किनारा लगाउने। शहीद परिवारको जीवन निर्वाह वृत्ति र वर्गीकृत घाइतेले प्राप्त गर्ने मासिक सुविधा वितरणको समन्वय महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक तथा सामाजिक सुरक्षा मन्त्रालयले गर्ने। घाइतेहरूको औषधी उपचार, मनोसामाजिक परामर्शलगायतका विषयहरूका लागि स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले एकद्वार प्रणालीको व्यवस्था गर्ने।

२०. आन्दोलनको अवधिमा बालसुधार गृह, नौबस्ता, बाँकेमा मृत्यु भएका ५ जना बालबन्दी, धादिङ कारागारमा मृत्यु भएका २ जना कैदीबन्दी र रामेछाप कारागारमा मृत्यु भएका ३ जना कैदीबन्दी गरी जम्मा १० जना मृतकका परिवारलाई रु ५ लाखका दरले राहत रकम उपलब्ध गराउने।

२१. जेन-जी आन्दोलनका शहीद परिवार तथा घाइतेहरूलाई दिइने छूट सुविधाहरू सरकारले उपलब्ध गराउने परिचयपत्रका आधारमा प्राप्त गर्ने व्यवस्था मिलाउने।

२२. जेन-जी आन्दोलनका क्रममा सहभागी भएकै कारण घाइतेको शरीरमा भएको गोली वा निजको अस्वस्थताका बारेमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले प्रमाणीकरण गरिदिने।

२३. जेन-जी आन्दोलनका क्रममा सहभागी भएकै कारण पढाइ अवरुद्ध भएका विद्यार्थीहरूका लागि पठनपाठनको उपयुक्त व्यवस्था मिलाउने।

२४. यस प्याकेजको कार्यान्वयनका सम्बन्धमा सहजीकरण एवं समन्वयको कार्य भविष्यमा गठन हुने जेन-जी कल्याणकारी परिषद्ले गर्ने।



गोविन्द बहादुर कार्की
सचिव